गाउँ कार्यपालिकाका कार्यालय
हात्तीमुडा, मोरंग
१ नं. प्रदेश नेपाल

नयाँ पत्रिका दैनिक

सूचना नं. ३

# सडक कालोपत्रे, ड्रेन र कम्पाउण्डवाल निर्माण गर्ने सम्बन्धि शिलबन्दी बोलपत्र र दरभाउपत्र आव्हानको सूचना

( प्रकाशित मिति :२०७५/१०/२९)

यस कार्यालयबाट तपसिलमा उल्लेखित कार्य खरिद प्रकिया बाट गराउनु पर्ने भएकोले ईच्छुक ईजाजत पत्र प्राप्त निर्माण व्यवसायीहरु बाट निम्न सर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र र दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

**शर्तहरु:**

१. ईच्छुक योग्यता पुगेका बोलपत्रदाताहरुले २९ फाल्गुण, २०७५ र दरभाउपत्रदाताले १४ फाल्गुण, २०७५ (सो दिन सार्वजनिक बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन) कार्यालय समय भित्र यस कार्यालयबाट बोलपत्रको लागि रु.३०००।०० दरभाउपत्रको लागि रु.१०००।०० (फिर्ता नहुने गरी) नगदै तिरी नगदी रसीदका साथ आ.व.२०७५/०७६ का लागि नवीकरण भएको ईजाजत पत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.ब.२०७४/०७५ को करचुक्ता प्रमाण पत्र वा कर/आय बिबरण पेश गरेको कागजातको प्रमाणीत प्रतिलिपी संलग्न राखी यस कार्यालयको योजना शाखा बाट बोलपत्र र दरभाउपत्र फाराम खरीद गर्न सकिनेछ ।

२. खरीद भएका शिलबन्दी बोलपत्रहरु ३० फाल्गुण २०७५ र दरभाउपत्रहरु १५ फाल्गुण, २०७५ (सो दिन सार्वजनिक बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन) दिनको १२.०० बजे भित्र बूढीगंगा गाउंपालिकाको कार्यालय हात्तिमुडा मोरङमा दर्ता गराई सक्नुपर्नेछ । प्राप्त बोलपत्र / दरभाउपत्रहरु सोही दिन दिनको १.०० बजे बोलपत्रदाता / दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितीमा यस कार्यालयमा नियमानुसार खोलिनेछ । बोलपत्रदाता / दरभाउपत्रदाताहरु उपस्थित नभएमा पनि उक्त बोलपत्र / दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र / दरभाउपत्र साथ तपसिलमा उल्लेखित धरौटी बापतको रकम यस कार्यालयको एन.आई.सी.एशिया पुष्पलालचौक शाखा विराटनगर स्थित धरौटी खाता नं.69CA501175524006 मा नगदै दाखिला गरेको सक्कल भौचर वा बोलपत्रको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम दिन देखी कम्तीमा १२० दिन र दरभाउपत्रको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन देखी कम्तीमा ७५ दिन म्याद भएको मान्यता प्राप्त क बर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल विड वण्ड (बैंक ग्यारेण्टी ) बोलपत्र / दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

४. बोलपत्र / दरभाउपत्र भर्दा प्रत्येक आईटमको दररेट अंक र अक्षरमा स्पष्ट हुने गरि लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

५. रीत नपुगी वा म्याद नाघी आएका बोलपत्र / दरभाउपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

६. दर्ता भएका बोलपत्र / दरभाउपत्र फारामलाई आंशिक वा पूर्णरुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. बोलपत्रको लागी १९फाल्गुण २०७५ र दरभाउपत्रको लागी ०९ फाल्गुण, २०७५ दिनको १.०० बजे बोलपत्र / दरभाउपत्र पेश गर्नु पूर्वको ( pre-Bid meeting) सम्पूर्ण ईच्छुक बोलपत्रदाता / दरभाउपत्रदाताहरुको उपस्थितीमा हुनेछ ।

८. बोलपत्र / दरभाउपत्र पेश गर्दा पेश गर्नेको पत्राचार ठेगाना, सम्पर्क फोन नं. फ्याक्स नं. स्पष्ट संग लेख्नुपर्ने छ ।

९. यस सम्वन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा सम्पर्क राखि बुझ्न सकिनेछ ।

१०. यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) सार्वजनिक खरीद नियमावली २०६४ (संशोधन सहित) ,स्थानीय सरकार संचालन ऐन २०७४ र प्रचलित ऐन कानून बमोजीम हुनेछ ।

**तपसिल:**

| सि. न | ठेक्का न. | कामको बिवरण | ल.ई.भ्याट बाहेक | जमानत रु. | दस्तुर | खरिद प्रकिया |
|---|---|---|---|---|---|---|
| १. | BGRM/MOR/NCB - 12(075/076) | वडा न. ५ रेश्मा होटल पुर्व जाने सडक कालोपत्रे गर्ने कार्य | १९,९६,२५९।५७ | ६२,०००।०० | ३,०००।०० | बोलपत्र |
| २. | BGRM/MOR/NCB - 13(075/076) | वडा न. ३ निमुवा खानेपानीमा कम्पाउण्डवाल निर्माण गर्ने कार्य | २४,९५,५७०।५२ | ७७,५००।०० | ३,०००।०० | बोलपत्र |
| ३. | BGRM/MOR/TMPP /NCB -14(075/076) | वडा न. ६ रामजानकी सामुदायिक भवन निर्माण तिलाठे | २८,३१,८३९।६९ | ८८,०००।०० | ३,०००।०० | बोलपत्र |
| ४. | BGRM/MOR/NCB - 15(075/076) | गाउंपालिका कम्पाउण्ड र पार्किङ्गस्थल निर्माण कार्य | ३३,६२,९१०।०१ | १,०४,५००।०० | ३,०००।०० | बोलपत्र |
| ५. | BGRM/MOR/SQ - 16(075/076) | वडा न. ३र४ नेमुवा चौक देखी पुर्व नहर सम्म ड्रेन र ग्राभेल | १६,६३,६५८।६० | ५२,०००।०० | १,०००।०० | दरभाउपत्र |
| ६. | BGRM/MOR/SQ - 17 (075/076) | वडा न.१ मिलनचौक देखी टंकी चौक सम्म ड्रेन निर्माण | ९,१३,६०९।८१ | २८,०००।०० | १,०००।०० | दरभाउपत्र |

प्रमुख प्रशासकीय अधिकृत